THE WORLD BANK

Working for a World Free of Poverty

# प्रेस विज्ञप्ति

## विश्व बैंकद्धारा ग्रामीण सडकहरुको स्तरोन्नतिका लागि थप सहयोग प्रदान

**वाशिंगटन डि सी, १७ डिसेम्वर, २००९**–नेपालको ग्रामीण सडक सञ्जाल सुधारको प्रयासलाई बढोत्तरी गर्न विश्व बैंकले आज ४ करोड ५० लाख अमेरिकी डलरको थप लगानी स्वीकृत गरेको छ ।

**ग्रामीण पहुंच सुधार र विकेन्द्रीकरण अयोजना (आरएआइडिपी)** ले नेपालका ७५ मध्ये २०[१] वटा जिल्लामा सन् २००५ देखि ग्रामीण सडक सुधारमा सहयोग गरिरहेको छ । त्यसवर्ष विश्व बैंकले यो प्रयोजनका लागि ३ करोड २० लाख अमेरिकी डलर अनुदान दिएको थियो । आयोजनामा नेपाल सरकार र सहभागी जिल्लाहरुले १ करोड अमेरिकी डलर बराबरको योगदान गरेका छन् । यस आयोजनाको झोलुङ्गे पुल अंशका लागि स्वीस विकास सहयोग नियोग (एसडिसी)ले २१ लाख अमेरिकी डलर प्रदान गरेको छ ।

अहिलेको नयाँ लगानीपछि आयोजनाले आफ्नो कार्यलाई थप १०[२] जिल्लामा विस्तार गर्ने छ । थप रकमले सन् २००५ यता आवश्यक निर्माण सामग्रीहरुको मूल्यमा भएको दोब्बर वृद्धिको खर्चलाई धान्ने छ । उदाहरणको लागि फलामे डंडी र सिमेन्टको मूल्यमा सन् २००५ र २००७ को बीचमा औसतमा १ सय ३० प्रतिशतले वृद्धि भएको छ । प्राविधिक स्तरोन्नतिका कारणले पनि मूल्यमा वृद्धि भएको छ । जस्तै, ग्राभेलको सट्टा न्यून लागतको कालोपत्रे सडक बनाउँदा पनि बढी खर्च लाग्छ ।

*'नेपालीहरुले दीगो शान्ति र आर्थिक अवसरहरुको ठूलो अपेक्षा गरेका छन्,'* **विश्व बैंक नेपालकी निर्देशक सुसान गोल्डमार्क** भन्नुहुन्छ । *'यी जिल्लाहरुमा ग्रामीण सडक सुधारले रोजगारी सिर्जना गर्ने, आर्थिक विकासलाई तत्काल शुरु गर्ने र गरीबी निवारण गर्ने नेपालको लक्ष्यलाई सहयोग गर्नेछ ।'*

आयोजनाका दुई महत्वपूर्ण अंशहरुमध्ये 'ग्रामीण यातायात पूर्वाधारले अहिले सुख्खा मौसममा मात्र चालु रहने थप ५ सय ५० किलोमिटर सडकलाई मर्मत र स्तरोन्नति गरी वर्षैभरि चल्ने बनाउने छ । यस्तै, दुर्गम पहाडी जिल्लाहरुका विद्यमान १ सय ४० किलोमिटर ग्रामीण पैदल मार्ग र गोरेटाहरुलाई सुख्खा मौसम सडकमा रुपान्तरण गर्नेछ । शुरुको अनुदानबाट बनेको समेतगरी यस्तो स्तरन्नोतिपछि यी सडकहरुको कूल लम्बाई क्रमशः १ हजार, १ सय ६५ किलोमिटर र २ सय ११ किलोमिटर हुनेछ । यो आयोजनाले ४ हजार ५ सय किलोमिटर सडकलाई चालु हालतमा राख्ने छ, १ सय ६० झोलुङ्गे पुलहरु र केही नदीहरु पार गर्न सम्भव साधनहरुको निर्माण गर्नेछ । यो थप लगानीले ३० हजारभन्दा बढी जनताका लागि १ सय ५० दिन बराबरको खेतीबारीबाहिर रोजगारी सिर्जना गर्नेछ ।

दोस्रो अंश 'क्षमता अभिवृद्धि र परामर्श सेवा' ले स्थानीय पूर्वाधार र कृषि सडक विभागको संस्थागत क्षमता वृद्धि र जिल्ला विकास समितिहरुको हकमा सडक सम्पत्ति व्यवस्थापन र जिल्ला यातायात गुरुयोजना निर्मणमा सहयोग गर्नेछ ।  यसले 'ग्रामीण यातायात सेवा अध्ययन,' यसका नीतिगत सिफारिसहरु र आयोजना कार्यान्वयनलाई सघाउने छ ।

---

[१] उदयपुर, सिराह, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, मकवानपुर, धादिङ, नुवाकोट, रसुवा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, स्याङ्गजा, कास्की, सल्यान, बाँके, वर्दिया र कैलाली

[२] दाङ, सुर्खेत, कञ्चनपुर, तनहु, गुल्मी, अर्घाखांची, प्युठान, बारा, पर्सा र सप्तरी

*'यो आयोजना पूरा भएपछि अयोजना क्षेत्रका लाभग्राहीहरुको यात्रा समयमा २० प्रतिशतले कमी आउने छ र सडकमा गुड्ने सवारी साधनहरुमा ३० प्रतिशतले वृद्धि हुनेछ,'* **विश्व बैंककी वरिष्ठ यातायात विज्ञ मारियन किलपाट्रिक** भन्नुहुन्छ ।

सन् २०१३ मा ग्रामीण पहुंच सुधार र विकेन्द्रीकरण अयोजनाको यो चरण पूरा हुंदा सो आयोजनाबाट करीब २४ लाख जनता लाभान्वित हुनेछन् । १० वटा थप जिल्लाहरु समावेश गर्नुका अतिरिक्त आयोजनाले पहिले नै काम भइरहेका २० जिल्लामा स्तरोन्नति भएका सडकको लम्वाइलाई  वृद्धि गर्न चाहेको छ ।

*'जिल्ला विकास समितिहरुसंगको साझेदारीले स्रोत परिचालनको प्रभावकारितामा वृद्धि गरेको छ र मर्मतसम्भारमा ध्यान जान सकेको छ,'* **विश्व बैंकका वरिष्ठ यातायात विज्ञ सुरेन्द्र जोशी** भन्नुहुन्छ ।

यस योजनाका अतिरिक्त एशियाली विकास बैंक, बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग  (डिएफआइडी) र ओपेक अन्तर्राष्ट्रिय विकास कोष (ओएफआइडी) को सहयोगमा ग्रामीण पुन:निर्माण र पुन:स्थापना क्षेत्र विकास परियोजना (आरआरआरएसडिपी) सञ्चालित छ । यसले ४५ जिल्लाहरु समेटेको छ ।

ग्रामीण पहुंच सुधार र विकेन्द्रीकरण अयोजनाका लागि थप रकम सहयोगमा विश्व बैंकको छुटपूर्ण लगानी गर्ने निकाय अन्तर्राष्ट्रिय विकास संस्था -आइडिएको ऋण र अनुदानको समिश्रण रहेको छ ।

विश्व बैंकले नेपालमा गरेका कार्यहरुबारेको थप जानकारीका लागि यो वेब पेज हेर्नुहोस ::
http://www.worldbank.org.np

आयोजना सम्वन्धी जानकारीका लागि हेर्नुहोस्::
http://www.worldbank.org.np/external/projects/main?pagePK=64283627&piPK=73230&theSitePK=223555&menuPK=286969&Projectid=P107853